नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(.............................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मिति : २०८२।१२।२९
११४६

विषय :- प्रेस विज्ञप्ति

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।१२।२२ को निर्णयानुसार हप्ताको दुई दिन सार्वजनिक बिदा लागू भएको सन्दर्भमा स्वास्थ्य सेवा अत्यावश्यक तथा निरन्तर प्रदान गर्नुपर्ने सेवा भएको हुँदा बिरामीहरूलाई थप सहजता बनाउनुपर्ने आवश्यक थियो । बिरामीहरूलाई असहजता नहोस् भन्ने उद्देश्यले आईतबारको दिन स्वास्थ्य सेवा सञ्चालन गर्ने सम्बन्धमा यस मन्त्रालयको मिति २०८२।१२।२७ गतेको अनुरोध बमोजिम अधिकांश अस्पतालहरूले ओपीडी सेवा सञ्चालन गर्नु भएकोमा मन्त्रालय हार्दिक धन्यवाद व्यक्त गर्दछ।

चिकित्सक, स्वास्थ्यकर्मी तथा सेवा प्रदायक अस्पतालहरूबाट यस विषयमा व्यक्त भएका चासोप्रति मन्त्रालय पूर्ण रुपमा जानकार रहेको छ । ती चासोहरूलाई सम्बोधन गर्न मन्त्रालय सकारात्मक एवं प्रतिबद्ध रहेको छ। नागरिकको सर्वोत्तम हितलाई ध्यानमा राखी स्वास्थ्य सेवा जस्तो संवेदनशील तथा अत्यावश्यक सेवा यथासम्भव निरन्तर रुपमा प्रदान गर्नु हामी सबैको प्रमुख दायित्व हो भन्ने तथ्य पनि उत्तिकै महत्वपूर्ण छ।

यस परिप्रेक्ष्यमा, सम्बन्धित सबै सरोकारवालाहरुको सहकार्य र समन्वयमा स्वास्थ्य सेवा प्रवाहलाई व्यवस्थित, सन्तुलित र दिगो बनाउने उद्देश्यले आवश्यक कार्यविधि यथाशीघ्र तयार गरी कार्यान्वयनमा ल्याउने तयारी मन्त्रालयले गरिरहेको व्यहोरा सबैमा जानकारी गराउदछौं। उक्त कार्यविधि तयार नभएसम्म बिरामीको हितलाई सर्वोपरि राखी आ-आफ्नो अस्पतालबाट उपलब्ध जनशक्ति र कार्यभारको आधारमा यथासम्भव स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाउन सम्बन्धित सबैमा अनुरोध छ।

**"स्वास्थ्यकर्मीको विश्रामको अधिकार सुरक्षित गर्दै अस्पताल सेवा निरन्तर राख्ने सन्तुलित व्यवस्थापन सरकारको प्राथमिकता हो।"** यसैअनुरुप स्वास्थ्यकर्मीहरुको हकहित र नागरिकको उपचार अधिकारबीच सन्तुलन कायम गर्ने व्यवस्थापन तयार गरी चरणबद्ध रुपमा कार्यान्वयन गरिने व्यहोरा समेत अनुरोध छ। सम्पूर्ण सरोकारवालाहरूबाट प्राप्त सहयोगप्रति मन्त्रालय आभार व्यक्त गर्दै आगामी दिनहरुमा समेत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुबाट निरन्तर सहयोग, समन्वय र सहकार्यको अपेक्षा गर्दछ।

डा. समिरकुमार अधिकारी
सह-प्रवक्ता